अख्तियारमा उजुरी पर्नेमा हेटौंडा उपमहानगर टप १० भित्रै। पृष्ठ ५ मा

# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः थाहा नगरपालिका-८ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेलः bikaskhabar@gmail.com

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

● मकवानपुर, वर्ष-१७, अंक-१४ ● २०८१ कार्तिक ०५ गते सोमबार, ● 21 October, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## भीमफेदीका अध्यक्ष लामा चीन प्रस्थान, उपाध्यक्ष श्रेष्ठ कार्यबहाक



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा चीनमा हुने कृषि सम्बन्धी सेमिनारमा सहभागी हुन त्यसतर्फ गएका छन् । चीन सरकारको आयोजनामा हुने समेनिारमा सहभागी हुन अध्यक्ष लामा २९ असोजमा चीन प्रस्थान हुन् ।

अध्यक्ष लामा वैदेशिक कार्यक्रममा सहभागी हुने भएपछि पालिकाका उपाध्यक्ष संजिव श्रेष्ठलाई पालिका अध्यक्षले गर्ने कामकाज गर्नका लागि कार्यबहाक अध्यक्षको जिम्मेवारी दिइएको छ । अध्यक्ष लामाले २९ असोजमै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (क) १२ बमोजिम जिम्मेवारी दिएका हुन् ।

कार्यबहाकको जिम्मेवारी दिइएको पत्रको बोधार्थ प्रमुख प्रशासकीय अधिकृत र ९ वटै वडा कार्यालयलाई दिइएको छ । अध्यक्ष लामा सेमिनारको क्रममा करिब १५ दिन चीनमा रहनुहुने भीमफेदी गाउँपालिकाका सूचना अधिकारी बद्री सापकोटाले जानकारी दिए ।

### थाहानगर चित्लाङमा पाँचसय वर्षको इतिहास बोकेको

# कार्तिके नाच प्रदर्शन

विकास संवाददाता
थाहानगर

मकवानपुरको पर्यटकीय गाउँ चित्लाङमा तीन दिनदेखि चल्दै आएको कृष्णलीलासहितको यस वर्षको कार्तिके नाच अजंगको राँगाको बलि दिएर सकिएको छ । चित्लाङ माझगाउँको डबलीमा २ कार्तिक बेलुकादेखि सुरू भएको कृष्णलीलासहितको कार्तिके नाच ३ असोज विहान राँगाको बलि दिएसँगै समापन भएको हो ।

जात्रा भर्न आएका हजारौंको माझमा भैरवको मुखुण्डो लगाएका कालभैरवले अजंगको राँगाको घाँटी रेटेर रगत पिएका थिए । गणेश, वराही, महालक्ष्मी र कुमारीको मुखुण्डो लगाएकाहरूले पनि भुइँमा लडेको रागाँको घाँटीमा मुख लगाएर रगत पिए । कृष्णले कंशलाई मारेको खुसीमा उनीहरूले राँगाको बलि दिएका हुन् । बलि दिएको राँगाको मासु प्रसादका रूपमा नेवार समुदायमा बाँड्ने चलन छ ।

पाटन र कीर्तिपुरबाट स्थानान्तरण भएर आएका चित्लाङका नेवार समुदायले करिब ५ सय वर्षदेखि यो जात्रा दसैंको कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि तीन दिनसम्म संचालन गर्ने गर्छन् । मेलामा बनिया र बाठो नाच पनि प्रदर्शन गरिन्छ । बनिया नाच चित्लाङको मौलिक नाच हो । माझगाउँको डबलीमा संचालन गरिएको उक्त मेलामा गणेश, भैरव, बाराही, कुमारी, महालक्ष्मी देवी नाच, लाखे, ख्याक, कवे, बाथः, बनिया, सिकारी, सारः, नागा, महादेव नाचका साथै पौराणिक कथामा आधारित 'गुलबकावली'को नाट्य प्रस्तुति समेत प्रदर्शन गरिएको थियो ।



चित्लाङका नेवार समुदायमात्र होइन, थानकोट, बज्रवराही, मार्खु, कुलेखानी लगायतका क्षेत्रका स्थानीयबासी पनि रातभर जात्रामा बसेका थिए । वृद्धदेखि

*बाँकी पेज ६ मा*




'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

**थाहा नगरपालिका**

**थाहा नगरपालिकाको जरुरी सूचना !**

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## संस्कृति संरक्षणको सवाल

संस्कृति भनेको समाजको सोच, विचार, काम गर्ने प्रकृति आदिमा निहित हुन्छ। प्रकृतिको मूल अवस्थाबाट संस्कार गरिएको मानवीय व्यवहार संस्कृति हो भने प्रकृतिलाई अपचलन गरिएको वा विचलित भएपछिको स्थितिलाई विकृति भनिन्छ। संस्कृति भनेको प्राकृतिक वस्तु होइन । यो त सिक्ने वा आर्जन गर्ने वस्तु हो। संस्कृतिमा मानिसले जन्म वा वंशानुगत रूपमा प्राप्त हुने निश्चित व्यवहारहरू हुन्छन् भने व्यक्तिले आफ्ना पूर्वजहरूबाट सामाजिक व्यवहारहरू उत्तराधिकारका रुपमा प्राप्त गर्दछ। सांस्कृतिक सम्पदा भनेको विगतका पुस्ताहरूबाट विरासतमा प्राप्त समाजको मूर्त र अमूर्त सम्पदा हो। संस्कृतिमा मूर्त वा भौतिक र अमूर्त वा गैरभौतिक गरी दुईवटा छुट्टाछुट्टै विभागहरू हुन्छन्। सांस्कृतिक सम्पदाका मूर्त संस्कृति जस्तै भवनहरू, स्मारकहरू, सामाजिक कलाकृति, सामाजिक परिवेशका परिदृश्यहरू, पुस्तकहरू आदि हुन्। यी सामान्यतया चल र अचल सम्पदा गरी दुई समूहमा विभाजित हुन्छन्। अचल सम्पदाले भवन, भवनका मानव निर्मित अङ्गहरू जस्तै झ्यालहरू (नेपालका सन्दर्भमा देशेमरु झ्या), भित्ते चित्रहरू आदि पर्दछन्। यिनमा कलात्मक सिर्जनाहरू, भवनहरू र स्मारकहरू जस्ता निर्मित सम्पदाहरू र मानव रचनात्मकताका अन्य भौतिक वा मूर्त उत्पादनहरू पर्दछन्। प्रतीकात्मक र साङ्केतिक विम्बहरुकै समष्टिबाट निर्मित पौराणिक कथावस्तुका रोचक घटनावलीलाई पछ्याएर बनाइएका विवाह, व्रत, चाडपर्व, पूजा आराधनाका लागि बनाइएका चित्र अचल संस्कृतिका नमुना हुन्।

अमूर्त वा अभौतिक संस्कृति विचार, आदर्श, भावना र विश्वाससँग सम्बन्धित हुन्छन्। लोकगीत, भाषा, परम्परागत ज्ञान, जैविक विविधता सहितका महत्त्वपूर्ण परिदृश्यहरू अमूर्त संस्कृति अन्तर्गत पर्दछन्। सामाजिक मूल्यमान्यता र परम्पराहरू, चालचलन र अभ्यासहरू, सौन्दर्य र आध्यात्मिक विश्वासहरू, कलात्मक अभिव्यक्ति, भाषा र मानव गतिविधिका उत्कृष्ट पक्षहरू पनि अमूर्त संस्कृति अन्तर्गत पर्दछन्। इतिहासको विशेष कालखण्डमा निर्मित सामाजिक रीतिरिवाजहरू, समाजमा व्यवहार गर्ने तरिकाहरू र औपचारिक सामाजिक नियमहरू पनि अमूर्त संस्कृतिका अङ्ग हुन्। युनेस्को (२००३) ले मानव व्यवहारका अभ्यास, सामाजिक प्रतिनिधित्व, सामाजिक अभिव्यक्ति, मानवीय ज्ञान, सीपलाई स्थानीय समुदायको सांस्कृतिक अंशको रूपमा पहिचान गरेको छ। मध्य युगको अन्धविश्वासको विरुद्धमा आधुनिक विज्ञानको जन्म भएको हो। तर यही विज्ञानका नाममा हाम्रा चालचलन, रीतिवाज, शिक्षा, स्वास्थ्य सबैलाई परिवर्तन गरी विज्ञान र संस्कृति भनेका फरक कुरा हुन् भनेर बुझ्यौ र बुझायौँ। आजको जमानामा विज्ञानले ठूलो सफलता हासिल गरेको छ।

संस्कृति दिगो विकाससँग सम्बन्धित हुन्छ। दिगो विकास सांस्कृतिक अर्थशास्त्रको विषय हो। दिगो विकास भनेको आफ्नै पुस्ताको लागि मात्र नभएर भावी पुस्ताको समेत विकास सुनिश्चित गर्न नीतिगत मापदण्डको निर्माण गर्नु र भावी पुस्तालाई हस्तान्तरण गर्नु हो। संस्कृतिले दिगो विकासलाई अगाडि बढाउँछ। युनेस्कोको सन् २०१८ को प्रतिवेदन अनुसार सांस्कृतिक क्षेत्रका तथ्य, सूचक तथा तथ्याङ्कहरू र गतिविधिहरूले संस्कृति दिगो विकासको शक्तिशाली चालक हुन सक्छ भनेर देखाएको छ। संस्कृतिले दिगो विकासलाई सक्षम बनाउँछ। सांस्कृतिक सम्पदा, सांस्कृतिक र रचनात्मक उद्योग, दिगो सांस्कृतिक पर्यटन र सांस्कृतिक पूर्वाधार सहितको समृद्ध श्रमशक्ति निर्माणमा जोड दिइएको छ।यस कारण संरुकृति संरक्षण प्रवर्द्धन आजको जल्दोबल्दो आवश्यकताको सवाल हो ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कृषिजन्य वस्तुको व्यापार प्रवर्द्धनको औचित्य



◆ पदम भण्डारी

नेपालको अर्थतन्त्र मूलतः कृषिमा आधारित भए तापनि ठूलो संख्यामा कृषिजन्य वस्तु आयात हुने गरेको र त्यस्तो आयातमा पछिल्ला वर्षहरूमा तीव्र गतिमा वृद्धि भइरहेको पाइन्छ। अर्कातर्फ, कृषि वस्तुको निकासीमा खासै विस्तार हुन सकेको छैन र विद्यमान सम्भावनालाई पनि पूर्ण रूपमा सदुपयोग गर्न सकिएको छैन ।

कृषिजन्य वस्तुको निर्यातमा कोसी प्रदेश अग्रपंक्तिमा भए पनि मुलुकबाट हुने कृषि निर्यातको वृद्धिदर आयातको तुलनामा सुस्त छ। कोसी प्रदेश आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारमा ठूलो योगदान गर्ने प्रदेश हो। कृषिक्षेत्रले प्रदेशको कुल गार्हस्थ्य उत्पादनको लगभग ३५.६ प्रतिशत स्थान ओगट्छ र आन्तरिक बजार र निर्यात बजारका लागि पनि यो प्रदेश अग्रस्थानमा रहेको छ । कृषि वस्तुको उत्पादनमा विविधीकरण र व्यवसायीकरणमा यो प्रदेश देशका अन्य प्रदेशहरूभन्दा अगाडि छ । उत्पादनदेखि प्रशोधनसम्मका कार्यले यस प्रदेशले कृषि वस्तुको आयात घटाउन र निर्यात व्यापार प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

नेपालको समग्र व्यापार संरचनामा कृषि उत्पादनले महत्वपूर्ण भूमिका खेलेको छ । सन् २०२२-२३ को कुल निर्यातमा कृषि उत्पादनको हिस्सा ४३ प्रतिशत थियो भने सोही वर्ष कृषि वस्तुको आयात कुल आयातको १८ प्रतिशत थियो । सन् २०१८-१९ मा कृषि उत्पादनको निकासी र आयातको अंश क्रमशः ३८ र १६ प्रतिशत थियो। आर्थिक वर्ष सन् २०२०-२१ मा १२५.५ अर्ब रूपैयाँबराबर कृषिजन्य वस्तु निकासी भएको थियो, जुन कुल निर्यातको ६२.५ प्रतिशत हुन आउँछ । यसमा मुख्यतया पाम आयल, भटमास र सूर्यमुखी तेलको प्रमुख योगदान रहेको थियो ।

तुलनात्मक रूपमा ठूलो परिमाणमा निर्यात हुने प्रदेशका प्रमुख सीमा नाका विराटनगर र मेची भन्सार हुन् । अन्य भन्सार नाका पशुपतिनगर (इलाम), भद्रपुर (झापा) र सेतुबन्ध (सुनसरी) रहेका छन्। जसमध्ये पशुपतिनगर र सेतुबन्धको वार्षिक कारोबार तुलनात्मक रूपमा कम अर्थात् मुख्यतया सिमानानजिकका बस्तीको उपभोगका लागि सामान आयातमा प्रयोग हुने गरेको छ। भद्रपुर भन्सारमार्फत भने स्थानीय उपभोगका साथै व्यापारिक प्रयोजनका सामान आयात हुने गर्छ। यस भन्सार नाकाबाट सामानको निर्यात नगण्य छ । कोसी प्रदेशमा निर्यातयोग्य वस्तु उत्पादनको विविधता रहेको छ। यसमा उच्च हिमाली क्षेत्रदेखि समतल क्षेत्रसम्मका कृषिजन्य वस्तु पर्छन् । समतल क्षेत्र (तराई र भित्री मधेस) मा सबैभन्दा बढी उत्पादन हुने व्यापारिक कृषि वस्तु धान हो, त्यसपछि तरकारी, मकै, चिया र सुपारी पर्छन् ।

मध्यपहाडी क्षेत्रमा निर्यातयोग्य कृषि उत्पादन चिया, कफी, अलैंची, तरकारी र अदुवा हुन् । पहाडी क्षेत्रमा मुख्यतया अलैंची, स्याउ र खुर्पानीजस्ता शीतोष्ण ठाउँमा हुने फलफूल, तरकारीको बीउ र औषधीय जडीबुटीको हुने गर्छ । देशको समग्र कृषि व्यापारको तुलनामा कोसी प्रदेशको कृषि व्यापारको मात्रा बढी छ। संघस्तरमा व्यापार नीति (२०१५), कृषि विकास रणनीति (२०१५-३५) र नेपाल व्यापार एकीकरण रणनीति (२०१६ र २०२३) जस्ता राष्ट्रिय नीतिहरू छन् । नेपालको कृषि विकास रणनीतिमा कृषि रूपान्तरणको दीर्घकालीन कार्ययोजना र लक्ष्य समेटिएको छ, जसको उद्देश्य आयात प्रतिस्थापनका साथै उच्च सम्भावना भएका वस्तुलाई प्रवर्द्धन गर्ने र निर्यात बढाउने रहेको छ । नेपाल सरकारको १६ औं आवधिक योजनामा पनि यो कुरा प्रतिविम्बित भएको छ ।

निर्यात प्रवर्द्धनमार्फत राष्ट्रिय अर्थतन्त्रमा व्यापार क्षेत्रको योगदान अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने व्यापार नीति, २०१५ को दृष्टिकोण रहेको छ । यो नीतिले आपूर्ति पक्षको क्षमता सुदृढीकरण गर्ने, विश्व बजारमा मूल्य अभिवृद्धि भएका वस्तु र सेवाको निर्यात बढाउने, वस्तु र सेवामा पहुँच बढाउने र बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने विषयमा केन्द्रित गरेको छ । सन् २०१५ मा ल्याइएको व्यापार नीतिको जगमा नेपाल सरकारले नेपाल व्यापार एकीकरण रणनीति, २०१६ तर्जुमा गरेको थियो। यस रणनीतिले निर्यातयोग्य कृषि उत्पादनहरू पहिचान गरेको छ, जसमा अलैंची, अदुवा, चिया र औषधीय तथा सुगन्धित वनस्पतिसँगसँगै अन्य उत्पादन र तीन प्रकारका सेवालाई समेटेको छ ।

नेपाल सरकारले व्यापार एकीकृत रणनीतिको चौथो शृंखलाको रूपमा पाँच वर्ष अवधिको एनटिआइएस-२०२३ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसमा व्यापार विकाससम्बन्धी विभिन्न उपायको अध्ययन र विश्लेषण समावेश गरिएको छ। जसमा समष्टिगत आर्थिक र विकास नीतिसँगको तालमेल कम विकसित मुलुकको स्तरबाट स्तरोन्नतिका सन्दर्भमा व्यापार क्षमता अभिवृद्धि, संघीयता, लगानीको वातावरण सुधार, व्यापार सम्बन्धी पूर्वाधारको विकास र गैरभन्सार अवरोध कम गर्नेजस्ता विषय समावेश छन् । व्यापार एकीकृत रणनीतिले तीन रणनीतिक आधार (१) व्यापारका लागि अनुकूल वातावरण सिर्जना, (२) व्यापार मैत्री पूर्वाधारको विकास, संरचना, प्रक्रिया, नियामक वातावरण र सुशासन तथा (३) प्रतिस्पर्धी वस्तु र सेवाहरूको विकास तथा बजार विस्तारको व्यवस्था गरेको छ ।

यो रणनीतिले नेपालको निर्यात सम्भाव्यताका रूपमा ३१ वटा उत्पादनलाई पहिचान गरेको छ । जसमा पाँच कृषि उत्पादन (अलैंची, अदुवा, दाल, जुट र चिया), तीन वनजन्य उत्पादन (औषधिजन्य जडीबुटी र सुगन्धित बोटबिरूवा, हस्तनिर्मित कागज, रोजिन र टर्पेन्टाइन), चार ठूला उद्योगका उत्पादन (फलाम तथा स्टिल, धागो र कपडा तथा जुत्ता र तयारी पोसाक), पाँच घरेलु र साना उद्योगका उत्पादन (ऊनी गलैंचा, गहना, पस्मिना, पास्ता र फेल्टबाट बनेका वस्तु), दस निर्यात बढ्ने क्रममा रहेका उत्पादन (सुगन्धित तेल, हिमालयन पानी, तरकारी, फलफूल र प्रशोधित उत्पादन, मसला, हस्तकलाका वस्तु अल्लो र हेम्प कपडा, कफी, सिमेन्ट, कडा चिज र मह) र चार वटा भविष्यमा निकासी बढ्न सक्ने सम्भावित उत्पादन (हाइड्रोजन ऊर्जा, बहुमूल्य पत्थर, ढुंगा-गिट्टी र औषधीय सुगन्धित बोटबिरूवा तथा रेशा) रहेका छन्। त्यसैगरी पाँच सेवा क्षेत्रलाई नेपालको सबैभन्दा बढी निर्यात सम्भाव्यताका रूपमा पहिचान गरिएको छ। तिनीहरूमा पर्यटन, सूचना प्रविधि र त्यसमा आधारित सेवा, जलविद्युत, निर्माण सेवा तथा दक्ष र अर्धदक्ष जनशक्ति पर्छन् ।

नेपालको कृषि रूपान्तरणको दीर्घकालीन रणनीति कृषि विकास रणनीति (२०१५-२०३५) मा उल्लेख भएको छ, जसको उद्देश्य आयात प्रतिस्थापन र निर्यात विस्तारका लागि वस्तुको प्रवर्द्धन गर्नु नै हो । रणनीतिले कृषि व्यापारको बढ्दो असन्तुलनलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ र देशमा कृषि रूपान्तरणका लागि व्यापारिक समस्यालाई सम्बोधन गर्नु आवश्यक छ भन्ने कुराको बोध गरेको छ । यो दीर्घकालीन रणनीतिको दृष्टिमा व्यापारसँग सम्बन्धित पक्ष जस्तै आत्मनिर्भरता, प्रतिस्पर्धात्मक क्षमता विस्तार र आर्थिक वृद्धिका विषयलाई समेटिएको छ। आयात प्रतिस्थापनमार्फत खाद्यान्नमा आत्मनिर्भर बन्ने विषय कृषि विकास रणनीतिका प्रमुख सूचकहरूमध्ये एक हो, जसले खाद्यान्नको व्यापारमा पनि सकारात्मक योगदान पुऱ्याउने लक्ष्य राख्छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन, उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता र संस्थागत सुधार, नीति र नियमनकारी प्रबन्धको सुधार गर्ने कुरलाई सरकारको प्राथमिकतामा रहने विषयलाई यो रणनीतिले स्पष्ट संकेत गरेको छ ।

सुशासन, सामाजिक न्याय र समृद्धि मुख्य लक्ष्यसहित सोह्रौँ पञ्चवर्षीय आवधिक योजना (२०८१-८२-२०८५-८६) ले व्यापारमा बढ्दो असन्तुलनका चुनौतीहरूलाई सम्बोधन गर्ने माध्यमका रूपमा पर्यटन प्रवर्द्धन र ऊर्जाको विकास तथा निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमा जोड दिएको छ। योजनाले व्यापार क्षेत्रलाई समग्र आर्थिक विकासको प्रमुख संवाहकका रूपमा परिकल्पना गरेको छ । व्यापार क्षेत्रको दीर्घकालीन दृष्टिकोणमा उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि, व्यापार पूर्वाधारको द्रुत विकास, तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान, व्यापारको विविधीकरण, स्थानीय सीपको प्रयोग र पुँजीलगायतका उन्नत प्रविधिको

बाँकी पेज ३ मा

# यात्रा गर्दा रिँगटा लाग्ने मोशन सिक्नेस के हो

केही मानिसलाई मोटरगाडी, रेल, हवाईजहाज वा पानी जहाजमा यात्रा गर्ने सोचले मात्रै पनि चिन्तित बनाइदिने गर्छ। त्यस्तो यात्रामा रिँगटा र वाक्रूवाकी लाग्नुलाई 'मोशन सिक्नेस' भनिन्छ । शारीरिक रूपमा स्थिर (जस्तै कारमा बसेका बेला) तर गतिमान (यात्रारत्) भएका बेला हाम्रो आँखाले देख्ने र शरीरले महसुस गर्ने कुरा फरक–फरक हुन्छन् । यसरी मस्तिष्कले एकापसमा अमिल्दा संकेतहरू प्राप्त गरेका बेला कसैकसैलाई रिंगटा लाग्ने र वाक्वाक् आउला जस्तो भएर 'मोशन सिक्नेस' हुन्छ ।

उदाहरणका निम्ति हामी गुडिरहेको कारमा बसेका बेला शरीर त स्थिर हुन्छ तर हाम्रो आँखाले वस्तुहरूलाई गतिमान देख्छ । मस्तिष्कले मिश्रित संकेतहरूप्रति प्रतिक्रिया जनाउने भएकाले यो समस्याका पीडितहरूले वाक्रूवाकी, रिँगटा लाग्ने तथा अन्य सामान्य असुविधाको अनुभव गर्छन् । कसैकसैमा असाध्यै चर्को लक्षणहरू देखा पर्छन्, जसले गर्दा उनीहरू सकेसम्म यात्रालाई नै छल्न रूचाउँछन् । अझै पनि धेरै मानिसहरू यसको चमत्कारी उपचारको खोजीमा छन् ।

### मोशन सिक्नेस किन हुन्छ र कसरी यसको उपचार गर्न सकिन्छ ?

'मोशन सिक्नेस' किन हुन्छ भन्ने बुझ्नका निम्ति हाम्रो मस्तिष्कले शरीरबाट कसरी संवेदनात्मक संकेतहरू प्राप्त गर्छ भन्ने बुझ्न ठिक हुन्छ । हाम्रो मस्तिष्कमा पुग्ने संकेतहरू कानका भित्री भागको माध्यमबाट पनि निरन्तर अद्यावधिक भइरहेको हुन्छ। त्यस्तै मांसपेशी, स्नायु र जोर्नीहरूमार्फत् शरीरको स्थिति र चालबाट पनि संकेत प्राप्त गरिरहेको हुन्छ ।

कानका भित्री भागहरू शरिरको सन्तुलनको केन्द्र हुन् । यी 'भेस्टिब्युलर प्रणाली' भनिने सञ्जालका हिस्सा हुन् । यो प्रणालीमा तीन जोडी अर्धवृत्ताकार नली र दुईवटा थैली हुन्छन् जसलाई 'स्याक्युल' र 'युट्रिकल' भनिन्छ । यिनीहरूले शरीरको चाल र स्थितिबारे मस्तिष्कलाई जानकारी पठाउँछन् । यी अर्धवृत्ताकार नलीहरूमा एक प्रकारको तरल पदार्थ हुन्छ, जुन हामीले टाउको घुमाउँदा हल्लिन्छ। यसप्रकार हाम्रो टाउको दायाँ वा बायाँ अथवा तल वा माथितिर कुन दिशामा झुक्यो वा मोडियो भन्ने मष्तिष्कले चाल पाउँछ । स्याक्युल र युट्रिकल पृथ्वीको गुरूत्व आकार्षण शक्तिप्रति पनि सम्वेदनशील हुन्छन् र शरीरले अघिपछि वा माथितल गरेको जानकारी मस्तिष्कलाई गराइहाल्छन् ।

तर यदि तपाईँको आँखाले एउटा कुरा देख्छ, मांसपेशीले अर्कै कुरा महसुस गर्छ र कानका जराले भिन्दै कुरा अनुभव गर्छन् भने त्यस्तो बेला मस्तिष्कले मिश्रित सन्देशहरू ग्रहण गर्छ। यही संवेदनात्मक बेमेलले रिँगटा वा वाक्रूवाकी लगाउँछ । उदाहरणका निम्ति मानौँ तपाईँ कार हाँक्दै हुनुहुन्छ । वस्तुहरू तपाईँका दृष्टिका सामुन्ने आँउदै र छुट्दै गर्छन् भने उक्त अवस्थाले तपाईँका आँखालाई मस्तिष्कसम्म तपाईँ गतिमान हुनुहुन्छ भन्ने सन्देश पुऱ्याउन प्रेरित गर्छ ।

तर तपाईँको कानको भित्री भाग, मांसपेशी र जोर्नीसँग जोडिएका स्नायुहरूले तपाईँ चलहल नगरी स्थिर रूपमा बसिरहनुभएको छ भन्न बुझ्छन् । यसले गर्दा मस्तिष्कले प्राप्त गर्ने सन्देश आपसमा बाझिन पुग्छ । पानीजहाज र हवाईजहाजमा फेरि ठ्याक्कै उल्टो हुन सक्छ । कानका भित्री भाग र मांसपेसीले गति महसुस गर्न सक्छन् तर क्षितिज एकैनासको देखिँदा आँखाले स्थिरता महसुस गर्न सक्छ ।

परिणामतः रिँगटा लाग्ने, टाउको दुख्ने, सामान्य असुविधा वा भ्रान्ति हुने हुन सक्छ ।

### मोशन सिक्नेसका लक्षणहरू के के हुन् ?

'मोशन सिक्नेस'ले विभिन्न किसिमका लक्षणहरू पैदा गर्न सक्छ । ती प्रायः विस्तारै सुरू हुन्छन् र त्यसलाई पैदा गर्ने क्रियाकलाप रोकिएन भने चर्किँदै जान्छन् ।

### त्यसका लक्षणहरूमा निम्न कुराहरू पर्छन् :

रिँगटा लाग्नु वा बेहोस हुन लागेझैँ हुनु, असन्तुलन वा चक्कर लाग्नु अस्वस्थ महसुस हुनु (वाक्रूवाकी)

- बान्ता आउनु,
- टाउको दुख्नु,
- छाला फिक्का हुनु,
- पसिना आउनु,
- थकान महसुस हुनु ।

सामान्यतयाः यी लक्षणहरू बिलाउन वा तपाईँलाई फेरि सामान्य महसुस गर्न २० मिनेटजति लाग्न सक्छ ।

तथापि, गम्भीर लक्षणहरू निको हुन चौबीस घण्टासम्म समेत लाग्न सक्छ । यसबाट जो कोही प्रभावित हुन सक्छन्, तर दुईदेखि बाह्र वर्षसम्मका केटाकेटी, गर्भवती महिला र माइग्रेनको विगत भएकाजस्ता मानिसहरू अधिक पीडित हुन सक्छन् ।

रोचक कुराचाहिँ शिशुहरू 'मोशन सिक्नेस'प्रति पूर्णतः प्रतिरक्षात्मक हुन्छन्। लण्डनस्थित वेस्टमिन्सटर विश्वविद्यालयका व्यवहारिक मनोविज्ञान विषयका प्राध्यापक जोन गोल्डिङका अनुसार शिशुहरूको मस्तिष्क आँखा र कानसँगको सम्बन्ध र गतिप्रति प्रतिक्रिया जनाउने विषयमा आफ्नो भूमिकाबारे प्रष्ट नभइसक्ने भएकाले यस्तो हुन्छ ।

त्यस्तै 'मोशन सिक्नेस'मा आनुवंशिकीको पनि भूमिका हुन्छ। यसबाट पीडित हुने ६५ प्रतिशतजति मानिसलाई यो समस्या आमाबुवाबाट प्राप्त हुने प्राध्यापक गोल्डिङ बताउँछन् ।

### यसको लक्षणलाई कसरी घटाउन सकिन्छ ?

उपचार गर्नुभन्दा समस्या आउनै नदिनु जहिले पनि उत्तम हुन्छ । यहाँ 'मोशन सिक्नेस'बाट जोगिने केही उपाय सुझाइएका छन् ।

यात्रा गर्नुअघि :

- धेरै मात्रामा र मसालेदार खाना नखानुहोस्
- क्याफिन र अल्कोहलको उपभोगलाई सीमित राख्नुहोस्
- पर्याप्त सुत्नुहोस्

यात्राका क्रममा :

सावधानीपूर्वक आफ्नो सिट चयन गर्नुहोस् । कार भए अघिल्लो सिटमा बस्नुहोस्, डुङ्गा हो भने बीचको सिटमा बस्नुहोस् र रेल हो भने झ्यालपट्टि अघिल्लिर फर्केर बस्न मिल्ने सिट रोज्नुहोस् ।

- क्षितिजतर्फ हेर्नुहोस्
- अचानक टाउकोलाई यताउता घुमाउनबाट जोगिनुहोस्
- सम्भव भएसम्म ताजा हावा आउने गरी झ्याल खोल्नुहोस्
- पढ्ने, फिल्म हेर्ने वा विद्युतीय उपकरण चलाउने काम नगर्नुहोस्
- गीतसङ्गीत सुन्नेजस्ता क्रियाकलापबाट आफूलाई परै राख्नुहोस्
- आँखा बन्द राख्नुहोस्
- प्रशस्त पानी पिउनुहोस्
- अकुप्रेसर र नाडीमा 'रिस्ट ब्यान्ड' लगाउने

यिनीहरूले अकुप्रेसरका विन्दुहरूमा दवाव पैदा गरेर मद्दत गर्छन् भन्ने ठानिन्छ । तर, धेरैजसो अध्ययनहरूले अधिकांश मानिसका निम्ति यो प्रभावकारी नहुने संकेत गर्छन् ।

## कृषिजन्य वस्तुको .. .. ....

उपयोगजस्ता विषयहरू समावेश भएका छन् । कृषिक्षेत्रको हकमा योजनाले व्यवसायीकरण र प्रतिस्पर्धात्मक क्षमताको प्रवर्द्धन गरी व्यापार सन्तुलन कायम गर्ने लक्ष्य राखेको छ । उच्च मूल्यका वस्तु र तुलनात्मक लाभ भएका अन्य उत्पादनको निर्यात प्रवर्द्धनमा विशेष जोड दिइएको छ । योजनाले तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका कृषि तथा अन्नबालीको उत्पादन बढाउने कुरामा पनि जोड दिएको छ । यसका अतिरिक्त जैविक उत्पादनलाई प्रवर्द्धन गर्ने विषयसमेत समेटिएको पाइन्छ ।

कोसी प्रदेश सरकारले प्रदेशको समग्र सामाजिक–आर्थिक विकासका लागि आवधिक योजना तर्जुमा गरेको छ । कोसी प्रदेशको पहिलो योजना (२०१९–२४) ले सरकारी निकाय, निजी र सहकारी क्षेत्रबीच सक्रिय सहयोग र कृषि उपजको उत्पादन र बजारीकरणका लागि आपसी सहकार्यमा जोड दिएको छ । प्रदेश सरकारले उच्च मूल्यका कृषि उपजको उत्पादन, प्रशोधन र स्वदेशी तथा निर्यात बजारको बजारीकरणलाई विशेष प्राथमिकतामा राखेको पाइन्छ । धेरैजसो प्रदेशमा यस प्रकारको क्षेत्रगत नीति तथा योजना बन्न बाँकी छ ।

पछिल्लो समयमा तर्जुमा गरिएको बीसवर्षे प्रादेशिक कृषि विकास रणनीति (२०२२–२०४२) ले सम्भावित कृषि वस्तुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा पनि स्पष्ट रूपमा जोड दिएको छ । कोसी प्रदेश कृषिको व्यवसायीकरण र उद्यम विकासको बाटोमा अघि बढेको छ । फलस्वरूप यो प्रदेश कृषिजन्य वस्तुको उत्पादन र निर्यातमा अग्रस्थानमा रहेको छ । कोसी प्रदेशको कृषि विकास रणनीति (२०२२–२०४२) प्रदेश सरकारको स्वीकृतिको प्रक्रियामा छ ।

प्रादेशिक कृषि विकास रणनीतिले प्रदेशमा उच्च मूल्यका वस्तु उत्पादन गरी निर्यातद्वारा कृषि व्यापार घाटा कम गर्ने विषयलाई जोड दिएको छ । रणनीतिले कृषिको व्यवसायीकरण, उच्च मूल्यका वस्तुको उत्पादन र नेपाली उत्पादनको बौद्धिक सम्पत्ति अधिकारको संरक्षणमा जोड दिएको छ । त्यसैगरी यसमा उपयुक्त बजारको पहिचान र असल उत्पादन अभ्यास तथा असल कृषि अभ्यास र उत्पादनका जैविक मानकहरू अपनाएर गुणस्तर बढाउन प्रेरणा दिने कुरा समावेश गरिएको छ । रणनीतिले सन् २०४२ को अन्त्यसम्ममा कृषि निर्यातमा वृद्धि गरी कृषि व्यापार असन्तुलनलाई ५० प्रतिशतले घटाउने लक्ष्य राखेको छ । साथै, यस रणनीतिले निर्यात सम्भावना भएका सम्भावित वस्तुको जिल्ला र स्थानीय पालिकागत वर्गीकरणसमेत प्रस्तुत गरेको छ ।

रोजगारीका अवसर सिर्जना गरी प्रदेश र मुलुककै आर्थिक समृद्धि हासिल गर्न कृषि व्यापार प्रवर्द्धन गर्ने रणनीतिको आवश्यकता रहेको विषयलाई प्रदेश सरकार र निजी क्षेत्रले पनि महसुस गरेका छन् । यसअनुरूप प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशको आर्थिक विकासमा व्यापार क्षेत्रको महत्वलाई बोध गर्दै प्रादेशिक कृषि व्यापार प्रवर्द्धन रणनीति तर्जुमा गर्ने निर्णय गरेको हो । राष्ट्रिय व्यापार नीति, दीर्घकालीन कृषि विकास रणनीति, नेपाल व्यापार एकीकृत रणनीति र प्रादेशिक सरकारको पहिलो आवधिक योजनाका साथै प्रादेशिक कृषि विकास रणनीतिको दूरदृष्टि र रणनीतिसँग तालमेल गरी तर्जुमा भएको यो रणनीति दस्तावेजले आगामी वर्षहरूमा हुने कृषि उत्पादन र निर्यातका लागि मार्गदर्शनको ढाँचाका रूपमा काम गर्ने विश्वास लिइएको छ ।

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।


बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !
- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# बागमती प्रदेशले ३ महिनाको राजश्व लक्ष्य भेट्टाउनै सकेन



◆ विकास संवाददाता

बागमती प्रदेश सरकारलाई चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिनामा ११ प्रतिशतभन्दा कम अनुदान र राजस्व प्राप्त भएको छ । प्रदेश सरकारलाई बाँडफाँटबाट र प्रदेश सरकारको आफ्नै स्रोतबाट राजस्व संकलन तथा समानीकरणलगायतका शीर्षकमा अनुदान प्राप्त हुँदै आएको छ ।

चालु आवमा ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रूपियाँ राजस्व, अनुदान र अन्य स्रोतबाट आम्दानी हुने अनुमान गरेको प्रदेश सरकारलाई चालु आवको पहिलो तीन महिनामा १०.६३ प्रतिशत अर्थात् छ अर्ब ८६ करोड सात लाख ३८ हजार रूपियाँ मात्र संकलन भएको छ । घरजग्गा रजिस्ट्रेशनलगायतका विभिन्न शीर्षकमा बाँडफाँटबाट चालु आवमा २९ अर्ब ५५ करोड ८९ लाख रूपियाँ राजस्व प्राप्त हुने अनुमान गरिएकोमा गत असोज मसान्तसम्ममा १२.९५ प्रतिशत अर्थात् तीन अर्ब ८२ करोड ८५ लाख ५६ हजार रूपियाँ प्राप्त भएको बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

यस्तै, संघीय सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरी १५ अर्ब ५७ करोड ५६ लाख रूपियाँ प्राप्त हुने अनुमान गरिएकोमा चालु आवको पहिलो तीन महिनामा १३.२३ प्रतिशत अर्थात् दुई अर्ब छ करोड आठ लाख ५० हजार रूपियाँ अनुदान प्रदेश सरकारलाई प्राप्त भएको छ ।

मन्त्रालयका अनुसार कृषिमा आय, पर्यटन शुल्कलगायतका विभिन्न शीर्षकमा प्रदेश सरकारको आफ्नो स्रोतबाट प्रदेश सरकारले चालु आवमा चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार संकलनको लक्ष्य राखेकोमा यो अवधिमा १९.८० प्रतिशत अर्थात ८९ करोड ८४ लाख दुई हजार रूपियाँ राजस्व संकलन भएको तथ्याङ्क रहेको छ ।

यसैगरी प्रदेश सरकारले बेरूजु तथा गत वर्षको नगद मौज्दातबाट १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार रूपियाँ प्राप्त हुने अनुमान गरिएकोमा ०.४९ प्रतिशत अर्थात सात करोड २९ लाख २८ हजार रूपियाँ प्राप्त भएको छ ।

# बाढीपहिरोले थाहामा १ करोड भन्दा बढीको तरकारीबाली नष्ट

◆ विकास संवाददाता

गत असोजको ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले थाहा नगरपालिकामा एक करोड रूपैयाँभन्दा बढीको तरकारीबाली नष्ट गरेको छ ।

बेमौसमी तरकारी खेतीका लागि पहिचान बनाएको थाहाकाका १ नम्बर देखि ८ नम्बर वडासम्मका कृषकका तरकारीबाली नष्ट भएको हो । तरकारी खेतीमा बाढी र पहिरोले थाहाका ८ वटा वडाका ३ सय ७२ रोपनी जग्गाको तरकारीबाली नष्ट गरेको थाहा नगरपालिका कृषि शाखाका प्रमुख सन्जय तिवारीले बताए । उनका अनुसार सबैभन्दा बढी क्षति थाहा-३ नम्बर वडाका कृषकहरूको तरकारीबालीमा पुगेको छ । 'बाढीपहिरोले ९८ रोपनी जग्गामा लगाएको काउली, भेडे खुर्सानी र अकबरे खुर्सानी नष्ट गरेको छ,' उनले भने ।

थाहा नगरपालिकाको कृषि शाखाको तथ्यांकअनुसार बाढीपहिरोले १ नम्बर वडामा ८० रोपनी,२ मा ९७ रोपनी, ३ मा ९८ रोपनी, ४ मा २४ रोपनी, ५ मा २६ रोपनी, ६ नम्बर वडामा १७ रोपनी, ७ नम्बर वडामा १० रोपनी र ८ नम्बर



वडामा २१ रोपनी जग्गामा लगाएको तरकारीबाली नष्ट गरेको छ । यी ८ वटा वडाका कृषकहरूको खेतबारीमा काउली, भेडे खुर्सानी र अकवरे लगाइएको थियो ।

असोजको दोस्रो सातादेखि तरकारी बिक्री हुने अवस्थाका थिए । बाढीपहिरोबाट थाहा नगरपालिका करिब २ सय तरकारी उत्पादक कृषकहरूले क्षति ब्योहोरेका छन् । नगरपालिकामा बाढी पहिरोबाट १ करोड २ लाख मूल्यबराबर तरकारीमा क्षति पुगेको कृषि शाखाको तथ्यांकमा उल्लेख छ ।

स्थानीय, प्रदेश र संघीय सरकार बाट राहत पाउने आशा रहेको पीडित कृषकहरूको भनाइ छ ।

# बिसिङ्‌खेलमा प्रसिद्ध अम्बेजात्रा मनाइयो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १० चित्लाङ बिसिङ्खेलमा १ कार्तिकमा भव्यताकासाथ चम्पाकेश्वर महादेवको जात्रा मनाइएको छ । हरेक वर्ष कात्तिक १ गते हुने उक्त जात्रालाई स्थानीयहरू 'अम्बे' जात्रा भन्ने गर्दछन् ।

चित्लाङका चार गाँउका ऐतिहासिक गोपाली जातीले दशैंभन्दा प्राथमिकता दिएर मनाउने प्रचलन रहेको चम्पाकेश्वर महादेवको जात्रा यसपालि पनि मनाइएको छ । चित्लाङको न्हुँलगाँउ, टौखेल, कलाँटु र अम्पुडोलका बासिन्दाले विधिपूर्वक अम्बे जात्रा मनाएका छन् । धार्मीक ग्रन्थ रामायणको पात्र वाणासुरको कथासंग चम्पाकेश्वर महादेवको उत्पत्तिको प्रसंग जोडिएकोले चम्पाकेश्वर महादेवको उत्पत्ति आदि कालमै भएको दाबी छ । गोपाली जातीको बाहुल्यता रहेको यो क्षेत्रमा नाच र जात्रा चलाउन गुठीको ब्यवस्था गरीएको छ ।

यस भेगमा पानी नपरेमा पानी माग्न र गाईवस्तुको रक्षाको लागि चम्पाकेश्वर महादेवलाई पुज्ने बताइन्छ । यस मन्दिरमा पुर्ख्यौली घर पाटन रहेका राजोपाध्याय खलकका



पुजारी छन् । प्रत्येक वर्ष जात्रामा विशेष पुजाका लागि महादेवलाई जाँड र एकैपटक कुटीएको चिउरा चढाउनु पर्छ । जस लाई स्थानिय वासिन्दा 'कक बजि' भन्दछन् । बेलुकी काठको लठी ठोकाठोक गरेर टाउकोमा पगरी र पगरीभरि फुल सिउरेर स्थानीय गोपालीहरूले घरबुना खेसका कपडा लगाएर नाच देखाउने चलन रहेको छ । उक्त नाचलाई स्थानिय भाषामा 'ट्वाक प्याखेँ' भनिन्छ । स्थानिय गोपालवंशी ग्वालाहरूको अत्यन्त श्रद्धाको पर्व चम्पाकेश्वर मेलामा विभिन्न गुठीयारहरूले चार घेम्पो जाँड ल्याउने प्रचलन छ । कीरा परिसकेको उक्त जाँड र 'कक बजि' प्रसादको रूपमा खाएमा पेटका रोग निर्मुल हुने जनविश्वास रहेको छ । किम्बदन्ती अनुसार हालको थानकोटलाई प्राचिन कालमा शोणितपुर भनिन्थ्यो । त्यहाँ राजा बाणासुरले राज्य गर्दथे । एक दिन शिकार खेल्न राजपरिवार र सेनाहरू चन्दागिरि जंगल हुँदै बिसिङ्खेलखेलको वनमा आइपुगेको स्थानिय बासिन्दा बताउँछन् । उक्त वनको एउटा रूखमा फुलिरहेको चापको फुल राजकुमारीले देखेपछि उनी लोभिएको र उक्त फुल टिपेर ल्याउन अनुरोध गरिएको स्थानिय बुढापाकाहरू बताउँछन् ।

कथाअनुसार फुलको रूखको फेदबाट हेर्दा फुल देखिने र टुप्पोमा पुग्दा हराउने गरेपछि राजालाई साह्रै रिस उठेछ । त्यसपछि कलाँटु गाँउका काठका काम गर्ने ब्यक्तिहरूलाई बोलाएर उक्त रूख काट्न आदेश दिएछन् । रूख काट्दा रगत आएको र एउटा ज्योतिर्लिङ्ग पैदा भएपछि कलाँटुका गमालहरूले उक्त लिङ्ग आफ्नो गाँउमा लगेर राखेछन् । तर त्यो रात गाँउमा कुखुराको भाले नबासेपछि केहि अनिष्ट भयो भन्ठानेर गाँउलेमा चिन्ता बढेछ । क्षमापुजा गरेपछि आकाशवाणी भएर 'सोफ्रा जाती गोपाली बस्ने टौखेलमा मलाई लगेर राख्न' भनेपछि अफैपनि जात्राको दिन टौखेलबाट शिवलिङ्ग ल्याउने र जात्रा सकिएपछि फिर्ता लैजाने प्रचलन रहेको स्थानिय हरि गोपालीले बताए । सो चाँपको रूखको टुटो हालसम्म मन्दिर क्षेत्रमै रहेको छ ।

## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४ . पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# कार्तिक १४ बाट बिनयबाबु स्मृति रनिङ शिल्ड भलिवल हुने




◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा वर्षेनी संचालन हुने बिनयबाबु स्मृति जिल्लास्तरीय रनिङ शिल्ड भलिवल प्रतियोगितको सातौं संस्करण यहि १४ कार्तिकदेखि चारदिनसम्म हुने भएको छ । थाहा नगरपालिका २ फाँटबजारमा बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठानले प्रतियोगिताको आयोजना गर्दै आएको छ ।

मकवानपुर जिल्लाको स्थायी बसोबास भएका खेलाडीले मात्र सहभागिता जनाउन पाइने भएको छ । प्रतियोगिताले पालुङका बिनयबाबु बस्नेतको स्मृतिका साथै खेल क्षेत्रको समेत वृद्धिविकास हुने गरेको प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले बताए ।

प्रतियोगितामा प्रथम हुने टिमलाई ५५ हजार ५ सय ५५ रूपियाँ, द्वितीय टिमलाई २८ हजार ८ सय ८ रूपियाँ र तृतीय हुने टिमले ११ हजार१ सय ११ रूपैयाँ विजयी टिमहरूलाई शिल्ड, मेडल र प्रमाणपत्रको साथै विधागत तर्फ उत्कृष्ट हुने खेलाडिलाइ नगद सहित पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष कार्कीले बताए । अघिल्लो वर्षको उपाधी आयोजकलाई पराजित गर्दै मंगलेश्वर युवा क्लवले हात पारेको थियो ।

## मकवानपुरका तीन पालिकालाई ४५ लाख बजेट

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले मकवानपुरका तीनवटा गाउँपालिकासहित बागमती प्रदेशका ४५ वटा स्थानीय तहलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारले विपद् जोखिमयुक्त प्रदेशका ४५ वटा स्थानीय तहलाई कुल ५ करोड ८० लाख रूपैयाँ आर्थिक सहायता प्रदान गर्दा जिल्लाका तीन पालिकाले ४५ लाख पाउने भएका हुन् । विपद्बाट धेरै प्रभावित बनेको इन्द्रसरोबर गाउँपालिकाले २० लाख, बागमती गाउँपालिकाले १५ लाख र बकैया गाउँपालिकाले १० लाख रूपैयाँ आर्थिक सहायता पाउने निर्णय भएको प्रदेश सर कारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

## थाहानगरको १२ वटा घर पूर्ण क्षति दर्जनौ घर पहिरोले भ्ुण्डियो

◆ विकास संवाददाता

यहि ११ र १२ असोजमा परेको अविरल वर्षाका कारण मकवानपुर थाहा नगरपालिकाका १२ वटा घर पूर्ण क्षति भएका छन् । पहिरोले दर्जनौ घर पहिरोले झण्डिएको थाहानगर विपद व्यवस्थापन समितिको प्रारम्भिक तथ्याङ्क छ ।

विपद व्यवस्थापन समितिका सदस्य सचिव अनिल लामिछानेका अनुसार–'थाहा नगरपालिकाको ४ नम्बर वडामा ४ वटा, वडा नम्बर ५, ६, ८, र ११ नम्बरमा १/१ वटा तथा ९ नम्बर वडा र १२ नम्बर वडामा २/२ वटा घर पूर्ण क्षति भएका छन्, ६३ घर पहिरोले झुण्डिएका छन् ।'

# अख्तियारमा उजुरी पर्नेमा हेटौंडा उपमहानगर टप १० भित्रै




◆ विकास संवाददाता


अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी पर्ने संख्याको आधारमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका टपटेनमा परेको छ । अख्तियारले राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको आर्थिक वर्ष २०८०/०८१ को ३४ औं प्रतिवेदनमा यस्तो पाइएको हो ।

सोही प्रतिवेदनअनुसार सबैभन्दा बढी भ्रष्टाचार र अनियमितताका उजुरी कास्कीको पोखरा महानगरपालिकाविरूद्ध परेको छ । यसपछि सबैभन्दा बढी उजुरी पर्नेमा क्रमशः काठमाडौँ महानगरपालिका, पचरौता नगरपालिका, सुवर्ण गाउँपालिका, जनकपुर उपमहानगर पालिका, छिपहरमाई गाउँपालिका, कृष्णनगर नगरपालिका, जलेश्वर नगरपालिका, राजपुर नगरपालिका र १०औँ नम्बरमा हेटौँडा उपमहानगरपालिका रहेका छन् ।

पोखरा महानगरपालिकाविरूद्ध भ्रष्टाचार र अनियमितताका ३५९ उजुरी परेको छ भने काठमाडौँ महानगर पालिकाको २७५ उजुरी छन् । पचरौता नगरपालिकाको २४६, सुवर्ण गाउँपालिकको २१९, जनकपुर उपमहानगरपालिकाको १७६, छिपहरमाई गाउँपालिकाको १३२, कृष्णनगर नगरपालिकाको १३१, जलेश्वर नगरपालिकाको १२५, राजपुर नगर पालिका १२२ र हेटौंडा उपमहानगरपालिकाको १२२ वटा उजुरी परेको छ भने अन्य स्थानीयहरूहरूको कुल १७ हजार १९९ वटा उजुरी परेको प्रतिवेदनमा उल्लेख छ ।

स्वतन्त्रबाट काठमाडौँ महानगरको मेयरमा निर्वाचित बालेन्द्र शाह (बालेन) चर्चामा छन् । उनकै नेतृत्वमा रहेका काठमाडौँ महाननगरविरूद्ध भ्रष्टाचार र अनियमितताका उजुरी धेरै पर्नेमध्ये दोस्रो स्थानीय तहमा परेको हो । सबैभन्दा बढी भ्रष्टाचार भएको पोखरा महानगर पालिकाको मेयरमा धनराज आचार्य छन् । उनी एकीकृत समाजवादी पार्टीबाट निर्वाचित भएका हुन् । राष्ट्रपतिलाई बुझाइएको अख्तियारको ३४औँ वार्षिक प्रतिवेदनअनुसार ७५३ स्थानीय तहतर्फ १९ हजार १०६ वटा भ्रष्टाचार र अनियमितताको उजुरी परेको छ ।

# भीमफेदीको लहलह सागको बजारमा माग बढ्यो



◆ विकास संवाददाता

मकवानपुरको भिमफेदी गाउँपालिका वडा नम्बर ५ स्थित माथिल्लो सुपिङ्का किसान कृष्णप्रसाद पुडासैनीले गर्नुभएको रायोको सागको खेती लोभलाग्दो छ । पुडासैनीले करिब पाँच रोपनी बारीमा र ायोको खेती गरेका छन् ।

स्थानीय स्तरमै पाइने रैथाने रायोको उनले खेती गरेका हुन् । पहिला–पहिला घरमा खानलाई मात्रै साग लगाउने गरे पनि उनले विगत १० वर्षदेखि परिवारका सदस्य मिलेर व्यवसायिक रूपमै खेती गरेका छन् । सुपिङ क्षेत्रमा पुडासैनीको उत्पानतर्फ आकिर्षत भएर अन्य किसानहरूले पनि रायो खेती गरेका छन् । सुपिङ्को रायो साग स्थानीय स्तरमा भिमफेदी र हेटौँडा बजारमा खपत हुने गरेको छ । धेरै साग उत्पादन भएका बेला काठमाडौँमा बिक्रीका लागि पठाउने गरेको स्थानीय मधुसूदन पुडासैनीले जानकारी दिए । माथिल्लो सुपिङ्मा रायोसँगै काँक्रो खेती पनि हुने गरेको छ ।

दसैँमा यहाँका किसानले ६० रूपियाँसम्ममा रायोको साग बिक्री गरेका थिए । अहिले सागको उत्पादन बढेसँगै ४० देखि ५० रूपियाँ मुमा बिक्री हुनेगरेको छ । विषादीको प्रयोग नगरी अर्गानिक साग खेती गर्ने गरिएको पुडासैनीले बताए ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसंस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
२०८१ कार्तिक ०५ गते सोमबार, 21 Oct., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## कार्तिके नाच ....

बालकसम्म जात्रामा सहभागी थिए । मेलामा पुरूषको भन्दा महिलाको संख्या अधिक थियो । गाउँका थकालीका रूपमा रहेका ८० वर्षीय लक्ष्मीबहादुर बलामीले भने, 'यो कृष्णलीला र कार्तिके नाच ५ सय वर्षदेखि यहाँ संचालन भइरहेको छ । कृष्णलीलामा नेवारी, हिन्दी र नेपाली भाषा प्रयोग गर्ने गरिएको छ ।'

यो मेला पाँच सय वर्षअघि ललितपुरको पाटनबाट सापटी ल्याएको भन्ने किंवदन्ती रहेको स्थानीय युवक निर्मल वलामीले बताए । 'त्यसबेलादेखि यो निरन्तर रूपमा संचालन हुँदै आएको छ,' उनले भने, 'बीचमा एक–दुई वर्ष मेला संचालन रोकियो थियो ।' मेला भएन भने गाउँमा अनिष्ट हुने, रोगव्याधी फैलिने विश्वास स्थानीयाबासीमा छ ।

सांस्कृतिक र धार्मिक स्थलको पहिचान बोकेको थाहा नगरपालिका वडा नम्बर ९ मा रहेको चित्लाङ मकवानपुर जिल्लाको एकमात्र ऐतिहासिक थलो हो । सरकारले ७ वर्षअघि चित्लाङलाई पर्यटकीय गाउँ घोषणा गरेको थियो । चित्लाङको माझ गाउँमा सम्राट अशोकले निर्माण गरेको अशोकालीन चैत्य छ । कृष्णलीला र कार्तिक नाच बर्सेनि संचालन गर्न माझगाउँका बासिन्दाले प्रतिघरधुरी २ हजार रूपैयाँ चन्दा संकलन गर्छन् । जात्रा प्रदर्शन गर्न एक महिनादेखि यहाँ तालिम दिने गरिन्छ ।

# हेटौंडाको करको विवाद पर सर्यो, अर्को वर्ष करको दर हेरफेर गरिने



◆ विकास संवाददाता

आगामी आर्थिक वर्ष (आव) करको दर पुनरावलोकन हुने संकल्प प्रस्ताव पास भएपछि हेटौंडा उपमहानगरपालिकाको कर विवाद पर सरेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को आर्थिक ऐन भने संशोधन नहुने भएको हो ।

मकवानपुर हेटौंडा उपमहानगर पालिकाको कर विवाद पश्चात् विशेष नगरसभा गरिएको थियो । चालु आवको आर्थिक ऐनमा करको दर वृद्धि गरेपछि मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा हेटौंडामा आन्दोलन भएको थियो । संघको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै नेकपा एमालेबाट हेटौंडा उपमहानगरमा निर्वाचित बहुमत जनप्रतिनिधिले हस्ताक्षर संकलन मार्फत् विशेष नगरसभाको माग राखेका थिए ।

उक्त मागपछि बसेको विशेष नगरसभाको दोस्रो बैठकले चालु आवमा करको दर घटबढ नगर्ने निणर्य गरेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । उनका अनुसार करको दर र दायरा हेरफेर गर्न विशेष नगरसभाको पहिलो बैठकले हेटौंडाका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलले तयार पारेको प्रतिवेदन विशेष नगरसभा बैठकले पारित गरेसँगै यस वर्ष करको दर आर्थिक ऐनमा भए अनुसारकै हुने भएको हो ।

कार्यदलले तयार पारेको प्रतिवेदन २९ असोजमा बसेको कार्यपालिका बैठकमा उपप्रमुख बानियाँले पेस गरेका थिए । उक्त प्रतिवेदनमा आगामी आवमा करको दर पुनरावलोकन गर्ने 'संकल्प प्रस्ताव' भएको थियो । सोही प्रस्ताव विशेष नगरसभाले सर्वसम्मत पारित गरेको हो । विशेष नगरसभाको माग भएपछि बैठक बसेको हो । तर, ३० असोजको नगरसभाले करको दर हेरफेर गरेन । बरू, अर्को वर्ष हेरफेर गर्ने संकल्प प्रस्ताव पास गर्‍यो, न्यौपानेले भने ।

उनका अनुसार उपमहानगरले असोज मसान्त सम्मलाई दिएको कर छुट भने पुस समान्तसम्म पुर्‍याएको छ । उनले आर्थिक ऐन संशोधन गर्दा बजेटलाई असर पर्ने भएकाले चालु आवको दायित्वलाई मध्यनजर गरेर निणर्य गरेको हो ।

# ३ पालिका विपद संकटग्रस्त घोषणा

◆ विकास संवाददाता

संघीय सरकारले मकवानपुरको ३ सहित ७१ स्थानीय तहलाई विपद संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । नेपाल सरकारद्वारा २१ असोजमै राजपत्रमा प्रकाशन गरी संकटग्रस्त पालिकाको नामावली सार्वजनिक गरेको हो । राजपत्रमा प्रकाशित सूचना अनुसार मकवानपुरको इन्द्रसरोवर, भीमफेदी र बकैया गाउँपालिका छन् । सूचना अनुसार गत १० देखि १२ असोजसम्म परेको अविरल वर्षाका कारण भएको भौतिक क्षतिको आधारमा २० जिल्लाका ७१ स्थानीय तह संकटग्रस्त घोषणा गरिएको हो । बाढी/पहिरो पीडित पालिकाहरूलाई १८ असोजबाट लागू हुनेगरी ३ महिनाको लागि संकटग्रस्त क्षेत्र घोषणा गरेको जनाइएको छ । स्थानीय तहलाई विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ (१) बमोजिम विपद संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो ।

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

## थाहा नगरपालिका

### कृषि विकास शाखाको सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।०५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आ.व. २०८१/८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कृषि सामाग्री ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ३० दिन (दशैं बिदा ५ दिन बाहेक) मिति २०८१/०७/१३ गतेसम्म थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. मल्चिङ प्लाष्टिक ३० माइक्रोन १.२x४०० मि. (तौल १४.४ के.जी.)

**आवश्यक कागजातहरू:**

१. निवेदन -१ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबै तिर देखिने गरी प्रतिलिपि- १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि- १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि- १ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति

*अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।*

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।

*जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा*

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिबाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिबाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

*त्यसैले, जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी